# प्रेस विज्ञप्ति- २३२

# Press Release-232

लागु औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ

मिति: २०७५।०८।०४ गते।

## नियन्त्रित मनोद्विपक लागू औषध सहित ४ जना मानिस पक्राउ

मिति २०७५/०८/०३ गते लागू औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा जिल्ला मोरङ, मिक्लाजुङ गाँउपालिका वडा नं. ४ बस्ने वर्ष २७ को सोनाम तामाङ र जिल्ला काठमाण्डौ दक्षिणकाली नगरपालीका वडा नं. ५ बस्ने वर्ष २३ को मिलन के.सी.लाई  नियन्त्रित मनोद्विपक लागू औषध डाईजेपाम २३१ एम्पुल, बुप्रेनोर्फिन २३८ एम्पुल र फेनारगन २५२ एम्पुल गरी जम्मा ७२१ एम्पुल सहित जिल्ला काठमाण्डौ का.म.न.पा.वडा नं.२६ सामाखुशीबाट पक्राउ गरिएको छ।

त्यसै गरी मिति २०७५।०८।०३ गते लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय बिराटनगरबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा जिल्ला सुनसरी ईटहरी उ.म.न.पा.वडा नं. ४ बस्ने बर्ष ३२ को सुवास घिमिरे र जिल्ला मोरङ बिराटनगर म.न.पा.वडा नं. ६ बस्ने बर्ष २४ को समर साहलाई नियन्त्रित मनोद्विपक लागू औषध डाईजेपाम ४२ एम्पुल, लुपिजेसिक ४२ एम्पुल, एभिल-४२ र फेनारगन १० एम्पुल गरी जम्मा १३६ एम्पुल सहित जिल्ला मोरङ बि.म.न.पा.वडा नं.१५ भन्सार कार्यालयको नं. १ ढाटबाट पक्राउ गरिएको।

**निजहरु उपर आवश्यक अनुसन्धान कार्य भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध ।**

•••



फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com

# प्रेस विज्ञप्ति- २३१

# Press Release- 231

लागु औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ

मिति: २०७५।०७।२५ गते।

## नियन्त्रित मनोद्दिपक लागू औषध सहित १ जना मानिस पक्राउ

मिति २०७५/०७/२० गते लागू औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा जिल्ला धनुषा जनकपुर उप-महानगरपालिका वडा नं. ५ बस्ने बर्ष ३० को अब्दुस समद रेजाँ खाँ लाई नियन्त्रित मनोद्दिपक लागू औषध *नाईट्राजेपाम (नाईट्राभेट) ट्याब्लेट १५००* पिस, प्रोक्सिभन १४४ क्याप्सुल र *कोडिन ३० बोतल* सहित जिल्ला काठमाण्डौ का.म.न.पा.वडा नं. ३२ कोटेश्वरबाट पक्राउ गरिएको छ।

निज उपर यस कार्यालयबाट आवश्यक अनुसन्धान कार्य भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध ।

●●●



फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com

लागु औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ

# प्रेस विज्ञप्ति- २३०

# Press Release-230

मिति: २०७५।०७।१३ गते।

# नियन्त्रित मनोद्दिपक पदार्थ १०९५ एम्पूल सहित २ जना मानिस पक्राउ

मिति २०७५/०७/११ गते लागू औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा जिल्ला सुर्खेत बीरेन्द्रनगर नगरपालिका वडा नं. १० बस्ने बर्ष ३८ को हर्ष बहादुर शाहीलाई नियन्त्रित मनोद्दिपक पदार्थ डाईजेपाम ३००, फेनारगन ३०० र बुप्रिनर्फिन ३००एम्पूल र जिल्ला रामेछाप खाडादेवी गाँउपालिका वडा नं. ०८ बस्ने बर्ष ३८ को झपड बहादुर कार्कीलाई नियन्त्रित मनोद्दिपक पदार्थ डाईजेपाम ६५, फेनारगन ६५ र बुप्रिनर्फिन ६५ एम्पूल सहित जिल्ला काठमाण्डौ का.म.न.पा.वडा नं. १४ बल्खुबाट पक्राउ गरिएको छ। निजहरूबाट नियन्त्रित मनोद्दिपक पदार्थ जम्मा १०९५ एम्पूल बरामद भएको छ।

पक्राउ परेका मध्ये हर्ष बहादुर शाही सशस्त्र प्रहरी निलबराही गण बलम्बुमा प्रहरी सहायक निरीक्षक पदमा कार्यरत रहंदा २०६४ सालमा कमलादी स्थित बैंकअफ काठमाण्डौ लुटपाटको घटनामा संलग्न रही १० (दश) वर्ष कैद भूक्तान गरी २०७४ सालमा छुटी लागू औषध कारोवारमा संलग्न रहेको व्यक्ति हुन।

निजहरु उपर यस कार्यालयबाट आवश्यक अनुसन्धान कार्य भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध ।



फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com